नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

## आफ्नै सूचना

आजको मधेशदृष्टि दैनिक ४ पृष्ठ मात्र प्रकाशन भएको जानकारी गराउँदछौँ ।
- मधेश प्रदेश प्रकाशन समूह

● वर्ष ४ ● अंक ३४ ● २०८२ साल पौष ०२ गते बुधबार ● Wednesday 17, December 2025 ● सूर्योदय: बिहान ०६:४७ बजे ● सूर्यास्त: साँझ ५:१४ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## मन्त्रिपरिषद्ले पूर्णता नपाउँदै गठबन्धनभित्र विवाद

### दाबी गरेको मन्त्रालय नपाए सरकार छाड्ने जनमतको चेतावनी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश सरकारको मन्त्रिपरिषद्ले पूर्णता नपाउँदै सत्तारूढ गठबन्धनभित्र असन्तोष छताछुल्ल भएको छ । सत्तारुढ गठबन्धनमा प्रमुख घटक जनमत पार्टीले आफूले दाबी गरेको मन्त्रालय नपाए सरकारबाटै बाहिरिने चेतावनी दिएसँगै मधेशमा सत्तारुढ गठबन्धनभित्रको विवाद छत्ताछुल्ल भएको हो । यसले प्रदेशको राजनीतिक स्थायित्वमाथि प्रश्न फेरि उठेको छ । जनमत पार्टीका राष्ट्रिय वरिष्ठ उपाध्यक्ष वसन्त कुशवाहाले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय आफ्नो पार्टीलाई नदिइए सरकारमा बसिरहनुको औचित्य नहुने बताएका छन् । सामाजिक सञ्जालमार्फत प्रतिक्रिया दिँदै उनले मधेश प्रदेशमा हजारौँ रोजगारी सिर्जना गर्ने उद्देश्यले ठूलो बजेट विनियोजन गरिएको अवस्थामा मन्त्रालय जनमत पार्टीले नपाए सरकार छाड्ने स्पष्ट चेतावनी दिएका हुन् ।



यसअघि जनमत पार्टीका नेता सतिश कुमार सिंह मुख्यमन्त्री रहँदा वसन्त कुशवाहाले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको जिम्मेवारी सम्हालेका थिए । त्यस समयमा आफूअनुकूल बजेट निर्माण गरेको भन्दै उनीमाथि आलोचनासमेत भएको थियो । यही कारण देखाउँदै जनमत पार्टीले पुनः सोही मन्त्रालयमा दाबी गर्दै आएको बताइन्छ । तर सातदलीय गठबन्धनबाट बनेको वर्तमान सरकारले यो मन्त्रालय नेकपा (एकीकृत समाजवादी) का नेता कनिष पटेललाई दिएको छ । सरकारबाट बाहिरिने विषयमा स्पष्ट पार्दै कुशवाहाले मन्त्रालय बाँडफाँडमा देखिएको अन्योल र असन्तुलन समाधान गर्न संसदीय दलका नेता महेश यादवलाई जिम्मेवारी दिइएको जानकारी दिए । उनले चाँडै समस्या समाधान नभए जनमत पार्टी सरकारबाट अलग हुने चेतावनी दिए ।

यसैबीच, सभामुख पद प्राप्त गरे पनि भौतिक पूर्वाधार विकास मन्त्रालयमा दाबी गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपाल सरकारमा औपचारिकरूपमा सहभागी भएको छैन । सातदलीय गठबन्धनबीच विश्वासको मतअघि प्रत्येक दलबाट एक–एक जना मन्त्री बनाउने सहमति भए पनि मन्त्रालय बाँडफाँडको विषयले विवाद चुलिएको देखिन्छ ।

सोमबार साँझ लोसपा नेपालबाट रानी शर्मा तिवारीलाई शिक्षा तथा संस्कृति मन्त्री र माओवादी केन्द्रबाट जवाहरलाल कुशवाहालाई ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रीमा नियुक्त गरिएको थियो । यसअघि विनाविभागीय मन्त्री रहेका कांग्रेसका जंगीलाल रायलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको जिम्मेवारी दिइएको छ भने नेकपा (एस) का कनिष पटेलले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय सम्हालेका छन् । हाल गृह, सञ्चार तथा कानून, वन तथा वातावरण, भौतिक पूर्वाधार विकास, खेलकुद तथा समाज कल्याण, श्रम तथा यातायात तथा भूमिव्यवस्था, कृषि तथा सहकारी गरी छ वटा मन्त्रालय मुख्यमन्त्री कृष्ण प्रसाद यादवकै मातहत छ ।

कांग्रेस नेता यादवको नेतृत्वमा बनेको सरकारलाई जसपा, जनमत, लोसपा, माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी) र नागरिक उन्मुक्ति पार्टीका प्रदेशसभा सदस्यहरुको समर्थन छ । यादव मंसिर १९ गते मधेश प्रदेशको छैटौँ मुख्यमन्त्री नियुक्त भएका थिए । तर सरकार गठनको सुरुवातमै देखिएको मन्त्रालय विवादले गठबन्धनको भविष्य कता जान्छ भन्ने चासो बढाएको छ ।

## नेपाली भूमिमा हतियारसहित भारतीय सुरक्षाकर्मीको गस्ती



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सप्तरीमा हतियार बोकेका भारतीय सुरक्षाकर्मी नेपाली भूमिमा गस्ती गरिरहेको दृश्य सार्वजनिक भएपछि चर्चाको विषय बनेको छ । सोमबार बेलुका सामाजिक सञ्जालमा फैलिएको भिडियोमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) का सहायक उपनिरीक्षक टिसेरिङ नोर्बोको नेतृत्वमा पाँच जनाको टोली राजविराज भन्सार कार्यालय नजिकको मुख्य सडकमा देखिएका थिए ।

भिडियोअनुसार टोलीका कमान्डर नोर्बोले हातहतियार बोकेका छन् भने उनका साथमा रहेका अन्य चार जना सुरक्षाकर्मी लाठीसहित गस्ती गरिरहेको देखिन्छ । स्थान नेपाल–भारत सीमासँग निकै नजिक पर्छ ।

त्यहाँबाट करिब पाँचसय मिटर पूर्वतर्फ नेपाल प्रवेश गर्ने चेकपोइन्ट रहेको छ भने पश्चिमतर्फ झन्डै तीनसय मिटरको दूरीमा बोर्डर आउट पोस्ट (बिओपी) तिलाठी अवस्थित छ ।

त्यसैगरी, भारतीय सुरक्षाकर्मी देखिएको स्थानबाट करिब दुईसय मिटरमै राजविराज भन्सार कार्यालय अगाडि सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोली नियमित जाँचका लागि खटिएको थियो । तर प्रत्यक्षरूपमा नेपाली भूमिमा हतियारसहित भारतीय सुरक्षाकर्मी प्रवेश गर्दा पनि सम्बन्धित सुरक्षा निकायलाई तत्काल जानकारी नहुनु गम्भीर लापरबाहीका रूपमा हेरिएको छ ।

यस विषयमा बिओपी तिलाठीका सशस्त्र प्रहरी निरीक्षक जसबहादुर राईले भारतीय सुरक्षाकर्मी भारततर्फकै दशगजा क्षेत्रमा गस्ती गरिरहेको अवस्थामा खोला पार गर्न नेपालतर्फको पुल प्रयोग गरेको बताएका छन् । उनका अनुसार त्यस दिन बिहानदेखि नै नेपाल–भारत दुवै पक्षका सुरक्षाकर्मीले संयुक्तरूपमा दशगजामा थुपारिएका गुइँठा, पराल र दाउरा सफा गर्ने काम गरिरहेका थिए ।

निरीक्षक राईले कानूनअनुसार हतियार बोकेर भारतीय सुरक्षाकर्मीले नेपाली भूमिमा प्रवेश गर्न नमिल्ने स्पष्ट पारे । यद्यपि व्यवहारिक कारण देखाउँदै उनीहरूले पुल मात्र प्रयोग गरेर भारततर्फ फर्किएको दाबी गरे । तर यस क्रममा सम्बन्धित नेपाली सुरक्षा निकायलाई औपचारिक जानकारी नगरिएको कुरा उनले स्वीकार गरेका छन् ।

घटनाबारे प्रतिक्रिया दिँदै सप्तरीका प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले यस विषयमा प्रहरीसँग विस्तृत बुझ्ने बताएका छन् । भिडियो सार्वजनिक भएसँगै सीमाको सुरक्षा, समन्वय र निगरानी प्रणाली कत्तिको प्रभावकारी छ भन्ने प्रश्न स्थानीयस्तरदेखि केन्द्रसम्म उठ्न थालेको छ ।

## विकासे योजनाका काम टेन्डरबाटै हुने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशमा विकास योजनाका नाममा हुँदै आएको अनियमितता र बेथिति अन्त्य गर्ने उद्देश्यसहित सत्तारूढ सातदलीय गठबन्धनले महत्वपूर्ण निर्णय गरेको छ । गठबन्धनले अब प्रदेशका सबै विकास योजना उपभोक्ता समितिमार्फत नभई अनिवार्य रूपमा टेन्डर (ठेक्का) प्रक्रियामार्फत कार्यान्वयन गर्ने सहमति गरेको हो ।

गठबन्धन दलहरुको बैठकमा उपभोक्ता समितिबाट योजना सञ्चालन गर्दा देखिएका व्यापक समस्या र आलोचनाबारे गम्भीर छलफल भएको थियो । बैठकका सहभागी नेताहरूका अनुसार उपभोक्ता समितिको नाममा योजना खरिद–बिक्री हुने, सीमित व्यक्ति वा समूहले योजना नियन्त्रणमा लिने र राजनीतिक पहुँचका आधारमा काम बाँडिने प्रवृत्ति बढ्दै गएको निष्कर्ष निकालिएको छ । यसले विकास कार्यको गुणस्तर कमजोर बनाउनुका साथै सार्वजनिक खर्चमा अपारदर्शिता बढाएको ठहर गरिएको छ ।

गठबन्धनका एक नेताले विगतका अनुभव स्मरण गर्दै उपभोक्ता समितिबाट गराइएका धेरै योजनामा समयमै काम नसकिने, गुणस्तरहीन निर्माण हुने र अनुगमन प्रभावकारी नहुने समस्या देखिएको बताए । यस्ता बेथितिका कारण प्रदेश सरकारको छविमा समेत नकारात्मक असर परेको र विकासको प्रत्यक्ष लाभ सर्वसाधारण नागरिकसम्म पुग्न नसकेको गुनासो व्यापक रूपमा उठ्दै आएको उनको भनाइ छ ।

यही पृष्ठभूमिमा सुशासनलाई सुदृढ बनाउने, सार्वजनिक खर्चमा पारदर्शिता कायम गर्ने र विकास प्रक्रियालाई व्यवस्थित बनाउने उद्देश्यले सबै योजनालाई ठेक्का प्रणालीमार्फत अघि बढाउने निर्णय गरिएको हो । गठबन्धनले यो निर्णयलाई नीतिगत रूपमा कार्यान्वयन गर्न मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको वर्तमान प्रदेश सरकारले आवश्यक पहल गर्ने विश्वास पनि व्यक्त गरेको छ ।

यसअघि पनि मधेश प्रदेशमा ठेक्का प्रणाली लागू गर्ने प्रयास नभएको होइन । आर्थिक वर्ष २०८१–८२ मा जनमत पार्टीका नेता सतिशकुमार सिंह नेतृत्वको तत्कालीन सरकारले प्रदेश सभाबाटै नीति बनाएर १० लाख रुपैयाँभन्दा माथिका सबै विकास योजनाहरू खुला प्रतिस्पर्धामार्फत कार्यान्वयन गर्ने घोषणा गरेको थियो । तर यो नीति व्यवहारमा प्रभावकारीरूपमा लागू हुन नसकेको भन्दै सरकारको आलोचना भएको थियो ।

पछि प्रदेश सभाबाट संकल्प प्रस्ताव पारित गर्दै ५० लाख रुपैयाँसम्मका योजना पुनः उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने व्यवस्था गरिएपछि विवाद झन बढेको थियो । अब सात दलीय गठबन्धनको नयाँ निर्णयले उपभोक्ता समितिबाट योजना सञ्चालन गर्ने अभ्यासलाई पूर्ण रूपमा अन्त्य गर्ने संकेत दिएको छ । राजनीतिक वृत्तमा यो निर्णयलाई मधेश प्रदेशमा विकास व्यवस्थापन सुधारतर्फको महत्वपूर्ण कदमका रूपमा हेरिएको छ । तर, ठेक्का प्रणाली प्रभावकारी बनाउन निष्पक्ष टेन्डर प्रक्रिया, कडा अनुगमन र पारदर्शी कार्यान्वयन आवश्यक हुने सरोकारवालाले औँल्याएका छन् ।

## पूर्वसभामुख र पूर्वमुख्यमन्त्री एउटै क्लस्टरबाट उम्मेदवार





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एमालेको ११औँ महाधिवेशनमा मधेश प्रदेशका दुई चर्चित नेता पूर्वसभामुख रामचन्द्र मण्डल र पूर्वमुख्यमन्त्री सरोज कुमार यादव केन्द्रीय सदस्यका उम्मेदवार बनेका छन् । दुवैले मधेशी खुला क्लस्टरबाट उम्मेदवारी दर्ता गराएका हुन्, जसले मधेश राजनीतिक वृत्तमा चासो बढाएको छ ।

मण्डल यसअघि मधेश प्रदेश सभामा सभामुख थिए । तर पदअनुकूल आचरण नगरेको आरोपमा उनी महाअभियोगमार्फत पदमुक्त भएका थिए । राजनीतिक जीवनको सुरुवात तत्कालीन माओवादीद्वारा सञ्चालित जनयुद्धबाट गरेका मण्डल पछि एमालेमा प्रवेश गरेका नेता हुन् । उनी पार्टीभित्र संगठनात्मक अनुभव र आन्दोलनको पृष्ठभूमिका कारण परिचित मानिन्छन् ।

उता यादव एमाले मधेश प्रदेश संसदीय दलका नेता रहँदै प्रदेशको मुख्यमन्त्री बनेका थिए । तर प्रदेशसभामा बहुमत पुष्टि गर्न नसकेपछि उनी २२ दिनमै मुख्यमन्त्री पदबाट हट्न बाध्य भएका थिए । छोटो कार्यकाल भए पनि उनी एमालेभित्र मधेशको प्रभावशाली नेताका रूपमा चिनिन्छन् । यसपटक एमालेको केन्द्रीय नेतृत्वमा पुग्ने लक्ष्यसहित मण्डल र यादव दुवै एउटै मधेशी खुला क्लस्टरबाट मैदानमा उत्रिएका छन् । एउटै प्रदेशका दुई पूर्व उच्च पदस्थ नेताबीचको यो प्रतिस्पर्धाले महाधिवेशनमा मधेश प्रतिनिधित्व र शक्ति सन्तुलन कता जान्छ भन्ने विषयलाई अझ रोचक बनाएको छ ।

## प्रदेश सरकारले पाएन पालिकाबाट नदीजन्य पदार्थको राजस्व

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका स्थानीय पालिकाले नदीजन्य पदार्थबाट संकलन गरेको राजस्व प्रदेश सरकारलाई नबुझाउँदा ठूलो आर्थिक समस्या देखिएको छ । महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले स्थानीय सरकारहरूले हालसम्म ६२ करोड रुपैयाँभन्दा बढी रकम प्रदेश सरकारको सञ्चित कोषमा दाखिला नगरेको तथ्य सार्वजनिक गरेको हो ।

मधेश प्रदेशको आर्थिक ऐनअनुसार गिट्टी, बालुवा र ढुंगाजस्ता नदीजन्य पदार्थबाट उठ्ने राजस्वमा स्थानीय तहको ६० प्रतिशत र प्रदेश सरकारको ४० प्रतिशत हिस्सा रहने व्यवस्था छ । तर यो कानूनी व्यवस्था कार्यान्वयन नहुँदा वीरगंज महानगरपालिकासहित करिब दुई दर्जन स्थानीय तहले प्रदेशको हिस्सा बुझाएका छैनन् ।

प्रतिवेदनमा सबैभन्दा धेरै बक्यौता बाराको निजगढ नगरपालिकाको देखिएको छ । नगर स्थापना भएदेखि अहिलेसम्म निजगढले गिट्टी–बालुवाबाट उठेको राजस्व प्रदेश सरकारलाई नबुझाएको पाइएको छ । महालेखाको विवरणअनुसार निजगढ नगरपालिकाले तिर्नुपर्ने रकम २३ करोड ९२ लाख रुपैयाँभन्दा बढी छ । निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरीले विगतदेखि नै राजस्व दाखिला नगर्ने प्रवृत्ति रहँदै आएकाले समस्या जटिल बनेको स्वीकार गरेका छन् । आफू निर्वाचित भएर आएको वर्ष ठेक्का प्रक्रिया नै अघि नबढेकाले राजस्व बुझाउन नसकिएको उनको भनाइ छ । उनले राजस्व दुरुपयोग नभई विकास निर्माणमै खर्च गरिएको दाबी गर्दै प्रदेश सरकारबाट समयमै अनुगमन र ताकेता नहुनु पनि समस्या बढ्नुको कारण भएको बताए ।

प्रदेश सरकारका अधिकारीहरू भने स्थानीय तहको गैरजिम्मेवारीले समस्या सिर्जना भएको बताउँछन् । मधेश प्रदेश अर्थ मन्त्रालयका सचिव रामकुमार महतोका अनुसार वित्तीय संघीयताको मर्मअनुसार स्थानीय तह जिम्मेवार नबन्दा हरेक वर्ष महालेखा परीक्षकले बेरुजु औँल्याउँदै आएको छ । उनका अनुसार कानूनले तोकेको राजस्व प्रदेश सञ्चित कोषमा दाखिला नगर्नु गम्भीर लापरवाही हो ।

यही अवस्थालाई मध्यनजर गर्दै मधेश प्रदेश अर्थ मन्त्रालयले साउन ३० गते सबै स्थानीय तहलाई पत्राचार गरी बाँकी रहेको राजस्व तत्काल प्रदेश सञ्चित कोषमा दाखिला गर्न आग्रह गरेको थियो । पत्रमा समयमै रकम नबुझाए प्रदेशबाट स्थानीय तहमा जाने अनुदान र राजस्व बाँडफाँडको रकम रोक्का गरिने चेतावनीसमेत दिइएको थियो ।

प्रदेश सरकारले राजस्व नबुझाउने स्थानीय तहलाई कडाइसमेत थालेको छ । राजस्व बाँकी रहेका पालिकाहरूको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान तथा राजस्व बाँडफाँडको रकम हाल रोक्का गरिएको छ ।

अर्थ मन्त्रालयको पत्रमा ढुंगा, गिट्टी, बालुवा, माटो, दहत्तर–बहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन करजस्ता विभिन्न शीर्षकमा संकलन भएको राजस्व कानूनअनुसार बाँडफाँड गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने स्पष्ट उल्लेख छ । अन्यथा, प्रदेश सरकारले दिने सबै प्रकारका अनुदान तथा बाँडफाँट रकम कट्टा गरी समायोजन गरिने चेतावनी दिइएको छ । स्थानीय र प्रदेश सरकारबीचको यो राजस्व विवादले मधेश प्रदेशमा वित्तीय अनुशासन र संघीय अभ्यास कत्तिको प्रभावकारी छ भन्ने प्रश्नसमेत उठाएको छ ।

सम्पादकीय

# मौलापुरमा विद्यालय सुधारमा देखिएको उन्नति

सामुदायिक विद्यालयमा सञ्चालन हुने दिवा खाजा कार्यक्रमको गुणस्तरमा प्रश्न उठिरहेको छ। तर यसले विद्यार्थीलाई विद्यालयसम्म चैँ तानेको छ।

रौतहटको मौलापुर नगरपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा राख्दै यस्तै उदाहरणीय काम गरिरहेको छ। जसले विद्यार्थीलाई विद्यालय आउने अवस्था बनिरहेको छ। विद्यालयले नियमित र गुणस्तरीय दिवा खाजा दिइरहेको छ। कहिले खिर, कहिले चना–चिउरा, मासु–चिउरा वा अन्डा—विद्यार्थीको पोषण र उपस्थितिमा सकारात्मक प्रभाव पार्ने दिवा खाजा बनेको छ। यसैले अचेल मौलापुरमा विद्यार्थी पढाइ छाड्दैनन्।

मौलापुरले कुल बजेटको करिब ४० प्रतिशत शिक्षा क्षेत्रमा लगानी गरेको छ। ६ वटा माध्यमिक विद्यालय, १ सय ५० भन्दा बढी कक्षा कोठा, आफ्नै स्रोतबाट १०० भन्दा बढी नगर शिक्षक, प्राविधिक शिक्षामा छोरी–बुहारीका लागि शतप्रतिशत निःशुल्क डिप्लोमा शिक्षा र डिजिटल शिक्षामा जोड मौलापुरको शैक्षिक प्रतिबद्धताका प्रमाण हुन्। स्थानीय तहले चाहे कतिसम्म हुनसक्छ भन्ने उदाहरण हुन्। यो उदाहरण सबै पालिकाले अनुशरण योग्य देखिएको छ। मौलापुरबाट शिक्षामा फड्को मार्न सकिने विषय बाहिरिएको छ।

दिवा खाजा कार्यक्रमदेखि भौतिक पूर्वाधार, छात्रवृत्ति र शिक्षक व्यवस्थापनसम्म, मौलापुर नगरपालिका सामुदायिक विद्यालयमार्फत शिक्षामा प्रगति गरिरेको छ। अन्य स्थानीय तहका लागि अनुकरणीय उदाहरण बनेको छ। शिक्षामा लगानी मधेशका लागि जरुरी छ भन्ने सबै छन् तर प्रयोग चैँ मौलापुरले गरिरहेको देखिएको छ।

# कोशी प्रदेश सुरक्षित गर्भपतन सेवाः सेवा छ, जानकारी छैन

*विज्ञहरूका अनुसार सुरक्षित गर्भपतन सेवा उपलब्ध हुनु मात्र पर्याप्त होइन। यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, गर्भनिरोधक साधनको सहज पहुँच, मानसिक सहयोग र सामाजिक सोचमा परिवर्तनबिना अनिच्छित गर्भधारण र त्यसबाट उत्पन्न समस्या दीर्घकालीन रूपमा समाधान हुन सक्दैन। कोशी प्रदेशको अनुभवले सुरक्षित सेवा विस्तारसँगै रोकथाममुखी नीति कति आवश्यक छ भन्ने स्पष्ट सन्देश दिएको छ।*



जुनु भट्टराई

कोशी प्रदेशमा सुरक्षित गर्भपतन सेवा उपयोग गर्नेको संख्या वृद्धि हुन सकेको छैन। पछिल्ला तीन आर्थिक वर्षका तथ्याङ्कका अनुसार निः शुल्क सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी नहुँदा सेवाग्राहीको संख्या वृद्धि हुन नसकेको हो। प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्याङ्कअनुसार आव २०७९–८०, २०८०–८१ र २०८१–८२ को अवधिमा प्रदेशभर ४८ हजार ८ सय २२ महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। प्रदेशका १४ जिल्लामा यो तथ्याङ्क कम नै हो। तर अधिकारकर्मीका अनुसार महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारप्रतिको सचेतना, सेवा पहुँच र स्वास्थ्य प्रणालीप्रति बढ्दो विश्वासको सङ्केत हो।

सुरक्षित गर्भपतनलाई कानूनी मान्यता दिएपनि पनि सामाजिक डर, लाज र जानकारी अभावका कारण महिला जोखिमपूर्ण र अवैध गर्भपतनमा संलग्न हुनेक्रम नरोकिएको बताइएको छ। तर पछिल्ला वर्षहरूमा सरकारी स्वास्थ्य संस्थामा सुरक्षित सेवा विस्तार, स्वास्थ्यकर्मीको तालिम, निःशुल्क औषधि र गोपनीयता सुनिश्चित गर्ने प्रयासले महिलालाई स्वास्थ्य संस्थासम्म ल्याउन सहयोग गरेको स्वास्थ्यकर्मी बताउँछन्। कोशी प्रदेशमा देखिएको यो प्रवृत्तिले मातृ मृत्युदर घटाउन पनि महत्त्वपूर्ण भूमिका खेलेको उनीहरूको बुझाइ छ।

प्रदेशभर सुरक्षित गर्भपतन सेवा लिनेमध्ये २० वर्षमाथिकासंख्या अत्यधिक रहेको छ। तीन वर्षको अवधिमा ४५ हजार ५ सय ६५ महिला २० वर्षमाथिका छन्। तथ्याङ्कअनुसार तीन वर्षको अवधिमा मा १५ हजार ६ सय ३५ ले सुरक्षित गर्भपतन सेवा लिएका छन्। स्वास्थ्यकर्मीहरूका अनुसार विवाहपछि परिवार पूरा भइसकेका, आर्थिक अवस्था कमजोर भएका वा स्वास्थ्य कारणले गर्भधारण निरन्तरता दिन नसक्ने महिलाले सुरक्षित गर्भपतन रोज्ने गरेका छन्। बीस वर्षमाथिका महिलामा सुरक्षित गर्भपतन सेवाको उच्च उपयोग देखिनु उनीहरू आफ्नो शरीर र प्रजनन स्वास्थ्यबारे निर्णय लिन सक्षम हुँदै गएको सङ्केत हो। प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाकी अस्पताल नर्सिङ प्रशासक आस्था थापा भन्छिन्, 'पहिले धेरै महिलाले डरका कारण असुरक्षित उपाय अपनाउने गर्थे, अहिले स्वास्थ्य संस्थामा आएर कानूनी र सुरक्षित सेवा लिन थालेका छन्।' उनका अनुसार स्थानीय तहसम्म सेवा विस्तार हुनु र स्वास्थ्यकर्मीहरूले गोपनीयता कायम गर्ने अभ्यास बढ्नुले महिलाहरूको भरोसा जितेको छ। बीस वर्षमुनिका किशोरी तथा युवा महिलाले पनि सुरक्षित गर्भपतन सेवाको उपयोग उल्लेख्य रूपमा गरेका छन्। तीन वर्षमा तीन हजार २ सय ५७ किशोरी तथा युवा महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन्। स्वास्थ्यकर्मीहरूका अनुसार किशोरी गर्भधारणको कुल संख्या अघिल्ला वर्षको तुलनामा केही घट्दो देखिए पनि गर्भपतन गर्नुपर्ने अवस्थामा उनीहरू जोखिमपूर्ण विधिभन्दा सुरक्षित प्रक्रियातर्फ आकर्षित हँुदै गएका छन्।

कोशी अस्पतालकी स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा अन्जु देव यो परिवर्तन सकारात्मक भए पनि यसलाई पर्याप्त उपलब्धि मान्न भने नमिल्ने बताउँछिन्। 'पहिले सामाजिक डर, बदनामीको भय र परिवारको दबाबका कारण किशोरीहरू गोप्य रूपमा असुरक्षित गर्भपतनमा जान बाध्य हुन्थे,' उनी भन्छिन्, 'अहिले उनीहरू स्वास्थ्य संस्थासम्म आइपुग्न थालेका छन्, जुन राम्रो सङ्केत हो। तर यौन शिक्षा, गर्भनिरोधक साधनको सही जानकारी र मानसिक परामर्शबिना किशोरी गर्भपतन दीर्घकालीन रूपमा घट्दैन।'

**समान पहुँच अझै चुनौती**

जिल्लागत तथ्याङ्कले कोशी प्रदेशभित्र सुरक्षित गर्भपतन सेवामा स्पष्ट असमानता देखाउँछ। सुनसरी, झापा र मोरङमा सुरक्षित गर्भपतन सेवा लिनेको संख्या सबैभन्दा बढी छ। यी तीन जिल्लाले हरेक वर्ष प्रदेशको कुल सेवा उपयोगकर्तामध्ये ५० प्रतिशतभन्दा बढी हिस्सा ओगटिरहेका छन्। सुनसरीमा मात्र आव २०७९–८० मा तीन हजार ९ सय ९०, २०८०–८१ मा तीन हजार ९ सय ४१ र २०८१–८२ मा तीन हजार ७ सय ५४ महिलाले सुरक्षित गर्भपतन सेवा लिएका छन्।

स्वास्थ्य निर्देशनालयका अनुसार यी जिल्लामा ठूला सरकारी तथा निजी अस्पताल, विशेषज्ञ चिकित्सकको उपलब्धता, यातायातको सहजता र सूचना पहुँच राम्रो भएकाले सेवा उपयोग बढी देखिएको हो। महिलाहरू स्वास्थ्य संस्थासम्म सजिलै पुग्न सक्ने भएकाले पनि जोखिमपूर्ण उपाय रोज्ने सम्भावना कम भएको स्वास्थ्यकर्मी बताउँछन्।

प्रदेशका दुर्गम पहाडी जिल्लामा अवस्था भने फरक छ। ओखलढुङ्गा, खोटाङ, भोजपुर, सोलुखुम्बु र संखुवासभाजस्ता जिल्लामा सुरक्षित गर्भपतन सेवाको पहँुच निकै सीमित देखिन्छ। ओखलढुङ्गामा आव २०७९–८० मा ४६, २०८०–८१ मा ७९ र २०८१–८२ मा ११२ महिलाले मात्र सुरक्षित गर्भपतन सेवा लिएका छन्। अन्य दुर्गम जिल्लामा पनि अवस्था लगभग उस्तै रहेको स्वास्थ्य निर्देशनालयको तथ्याङ्कले देखाउँछ।

मोरङ सहकारी अस्पतालका स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा बालकृष्ण साह भन्छन्, 'दुर्गम जिल्लामा सेवा कम हुनुको मुख्य कारण भौगोलिक कठिनाइ, आर्थिक अवस्था र सामाजिक सोच हो। "धेरै महिलाले गर्भपतनलाई अझै पनि लाज र अपराधसँग जोडेर हेर्छन्,' उनी बताउछन्, 'स्वास्थ्य संस्था टाढा हुँदा र खर्च बढ्दा उनीहरू अन्तिम समयमा मात्र अस्पताल आउँछन्, जसले स्वास्थ्य जोखिम बढाउँछ।'

उनका अनुसार सुरक्षित गर्भपतन सेवा विस्तारसँगै समुदायस्तरमा चेतना अभिवृद्धि, महिला स्वास्थ्य स्वयंसेविकाको सक्रियता र किशोरीमैत्री स्वास्थ्य सेवा विकास अपरिहार्य छ। प्रदेश स्वास्थ्य निर्देशनालय धनकुटाकी नर्सिङ प्रशासक आस्था थापा पनि समान पहँुच नै आगामी दिनको मुख्य चुनौती भएको बताउँछिन्। 'अब हाम्रो ध्यान सङ्ख्या बढाउनुमा होइन, सबै जिल्लामा समान र गुणस्तरीय सेवा पुर्याउन केन्द्रित हुनुपर्छ,' उनको भनाइ छ।

तीन वर्षको तथ्याङ्कले कोशी प्रदेशमा सुरक्षित गर्भपतन सेवा महिलाको स्वास्थ्य सुरक्षाको महत्त्वपूर्ण आधार बन्दै गएको देखाउँछ। तर विज्ञहरूका अनुसार सुरक्षित गर्भपतन सेवा उपलब्ध हुनु मात्र पर्याप्त होइन। यौन तथा प्रजनन स्वास्थ्य शिक्षा, गर्भनिरोधक साधनको सहज पहुँच, मानसिक सहयोग र सामाजिक सोचमा परिवर्तनबिना अनिच्छित गर्भधारण र त्यसबाट उत्पन्न समस्या दीर्घकालीन रूपमा समाधान हुन सक्दैन। कोशी प्रदेशको अनुभवले सुरक्षित सेवा विस्तारसँगै रोकथाममुखी नीति कति आवश्यक छ भन्ने स्पष्ट सन्देश दिएको छ।

**'सुरक्षित जीवनका लागि, सुरक्षित गर्भपतन सेवा'**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'सुरक्षित जीवनका लागि, सुरक्षित गर्भपतन सेवा' भन्ने नारालाई सार्थक बनाउन सूचिकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गरिरहेको छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले भने, 'साझेदारहरूका सहकार्यमा महिलाको प्रजनन स्वास्थ्य र अधिकारलाई सुनिश्चित गर्न सुरक्षित गर्भपतन सेवामा लक्षित वर्गको सहज पहुँच, गुणस्तरीय सेवा र यसको स्वीकार्यता देशभर विस्तार गर्न सरकार निरन्तर प्रतिबद्ध छ।' उनका अनुसार हाल दुई हजार ८ सय २७ सूचीकृत स्वास्थ्य संस्थाबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रवाह भइरहेको छ।

उनले भने, 'असुरक्षित गर्भपतनका कारण हुने मातृ मृत्युदर घटाउँदै महिलाको स्वास्थ्य र जीवन बचाउन सबैलाई सुरक्षित र सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिन आग्रह गर्दछौं।' स्वास्थ्य सेवा विभागअन्तर्गत परिवार कल्याण महाशाखाको एक अध्ययनका अनुसार नेपालमा हुने करिब ५२ प्रतिशत गर्भपतन असुरक्षित छन्। अझै पनि सूचीकृत स्वास्थ्य संस्थाबाट भन्दा असुरक्षित र औषधि पसलबाट अनधिकृत औषधि खाएर असुरक्षित गर्भपतनमा कमी आएको छैन।

महाशाखाका अनुसार गर्भ रहेको १० हप्ताभित्रको औषधिको प्रयोगद्वारा गरिने गर्भपतन सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था एक हजार ६ सय ८६ र सूचीकृत स्वास्थ्यकर्मी चार हजार २ सय ५८ छन् भने १० हप्ताभित्रको औषधिको प्रयोग र उपकरणको सहायताले गरिने सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था ७ सय २७ र सूचीकृत स्वास्थ्यकर्मी एक हजार ४ सय २२ छन्। त्यसैगरी, गर्भ रहेको १२ हप्तासम्मको उपकरणद्वारा गरिने सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था ३ सय ५१, सूचीकृत स्वास्थ्यकर्मी दुई हजार ८ सय ६०, गर्भ रहेको १२ हप्ताभन्दा माथि २८ हप्तासम्मको सेवाका लागि सूचीकृत स्वास्थ्य संस्था ६३ र सूचीकृत स्वास्थ्यकर्मी १ सय ५२ भन्दा बढी छन्।

सुनौलो परिवार नेपालका प्रबन्धक कुमार आचार्यले भन्छन्, 'दक्ष स्वास्थ्यकर्मी नभएका अनधिकृत क्लिनिकहरूले प्रदान गरेका सेवा असुरक्षित हुने भएकाले त्यस्ता क्लिनिकहरूको निरीक्षण र अनुगमनलाई प्रभावकारी बनाउनु जरुरी छ। सुरक्षित गर्भपतन सेवामा पहुँच वृद्धि गर्न असुरक्षित गर्भपतनलाई निरुत्साहन गर्न आवश्यक छ।' यसका लागि संस्थाले स्वास्थ्य मन्त्रालयसँगको सहकार्यमा विभिन्न जिल्लामा तालिम सञ्चालन एवम् ११४३ हटलाइन टेलिफान सेवा सञ्चालन गरिराखेको जनाएको छ। परिवार व्यवस्थापन र सुरक्षित गर्भपतन सेवाका बारेमा जानकारी दिन हटलाइन सेवा अत्यन्त प्रभावकारी रहेको बताइएको छ।

सोही संस्थाद्वारा हाल विभिन्न १८ जिल्लामा सञ्चालित २२ 'मेरी स्टोप्स् सेन्टर'हरूले सुरक्षित गर्भपतन सेवाका साथै परिवार योजना र महिलाहरूको महिनावारी शुरु भएदेखि बन्द नहुन्जेलसम्मका सम्पूर्ण प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श र गुणस्तरीय सेवा उपलब्ध गराउँदै आइरहेको जनाइएको छ।

प्रबन्धक आचार्यका अनुसार सेवा प्रदान गरिएका ती स्थानमा कोशीको (बिर्तामोड, विराटनगर, इटहरी), मधेश (वीरगंज, लहान, लालबन्दी), बागमती (चुच्चेपाटी, गोङ्गबु, पुतलीसडक, सातदोबाटो, नारायणगढ), लुम्बिनीको (बर्दघाट, भैरहवा, बुटवल, चन्द्रौटा, दाङ, कोहलपुर र तौलिहवा), गण्डकीको (डुम्रे र पोखरा) कर्णालीको (सुर्खेत) सुदूरपश्चिमको अत्तरिया छन्। रासस

# एघार सय अत्याधुनिक क्यामेराबाट बाघ गणना गरिँदै

*विश्वमा बाघको संख्या बढेर पाँच हजार ३ सय ५७ पुगेको छ। त्यसमध्ये सबैभन्दा बढी भारतमा तीन हजार १ सय ६७, रुसमा सात सय ५०, इण्डोनेसियामा चार सय, नेपालमा तीन सय ५५, थाइल्याण्डमा एक सय ८९, भुटान एक सय ५१, मलेसियामा एक सय ५०, बङ्गलादेशमा एक सय ४६, म्यान्मामा २२, चीनमा २०, भियतनाममा पाँच र लाओसमा दुईवटा बाघ छन्।*



भीष्मराज ओझा

मुलुकमा प्रत्येक चार वर्षमा गरिने बाघको गणना आज पुस १ गतेदेखि शुरु हुँदैछ। चितवनको सौराहामा आयोजित औपचारिक कार्यक्रममा उद्घाटन गरी बाघ गणना शुरु गर्न थालिएको हो।

वन तथा वातावरण मन्त्रालयलअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको नेतृत्व र वन तथा भूसंरक्षण विभागको समन्वयमा गरिने बाघ गणनामा राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल) नेपालको सहयोग रहेको छ। त्यस्तै गणनामा नेपाली सेना, मध्यवर्ती तथा सामुदायिक वन उपभोक्ता समितिलगायत सहयोगीका रुपमा परिचालित हुने गरेका छन्।

जम्मा दुई ५० जना प्राविधिक कर्मचारी देशभर खटिएर साढे दुईदेखि तीन महिनाभित्र गणना सम्पन्न गर्ने योजना रहेको निकुञ्ज विभागले जनाएको छ। गणनामा एक हजार १ सय अत्याधुनिक क्यामेराको प्रयोग गरिने र बाघको फोटो सङ्कलन गरेर विश्लेषण गरी संख्या एकिन गरिने विभागका महानिर्देशक बुद्धिसागर पौडेलले जानकारी दिए।

निकुञ्ज विभागका अनुसार गणनामा जनशक्ति परिचालन, मेमोरी कार्ड, टेन्ट, सिल्पिङ ब्यागलगायत लजिस्टिक सामानका लागि करिब तीन करोड रुपैयाँ खर्च लाग्ने बताइएको छ। त्यसैगरी, क्यामेरा भने यसअघिकै खरिद गरिएका सबै एक हजार १ सय क्यामेरा प्रयोग गर्न लागिएको हो। जुन प्रतिक्यामेराको मूल्य करिब ३५ हजार रुपैयाँ छ।

नेपालले स्वचालित क्यामेरा ट्रयापबाट प्रणालीबद्ध रूपमा बाघ गणना गर्न थालेको सन् २००९ देखि हो। उक्त गणनाअनुसार नेपालमा एक सय २१ वटा बाघ रहेका थिए। त्यसअघि बाघका खुट्टाका छाप तथा पदमार्गको अनुमानका आधारमा गणना गरिन्थ्यो र त्यो पनि राष्ट्रियस्तरमा नभई निकुञ्जमा सीमित हुन्थ्यो।

सन् २००९ यता हरेक चार वर्षमा बाघको सर्वेक्षण हुँदै आएको छ। बाघ संरक्षण कार्ययोजनामा उल्लेख भएअनुसार सन् २०१३, २०१८ र २०२२ मा गणना सम्पन्न भइसकेको छ। अहिले सन् २०२६ का लागि गणना हुनलागेको हो।बाघको सर्वेक्षण खासगरी हिउँदको समयमा गरिन्छ। किनभने यो चिसो समयमा बाघ सुक्खा ठाउँमा र झाडी नभएको खुला क्षेत्रमा बढी हिँडडुल गर्ने भएकाले क्यामेरामा ट्र्याप गर्न सहज हुने निकुञ्ज विभागका सूचना अधिकारी वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिनुभयो। उनका अनुसार गणनाका लागि सो क्षेत्रमा दुई वर्गकिलोमिटर क्षेत्रफलमा स्वचालित क्यामेरा राखिन्छ र क्यामेराले २४सै घण्टा जुनसुकै वस्तु चलायमान हुँदा स्वाचालित रूपमा तस्बिर लिएर रेकर्ड गर्छ।

**पुस ३ गतेदेखि क्यामेरा राखिने**

'गणनाका खटिने टोलीलाई क्यामेरा जडान गर्न र निकाल्न एक साताको समय लाग्छ भने ट्रयापिङका लागि कम्तीमा १५ दिन राखिन्छ। यही पुस १ र २ गते औपचारिक उद्घाट्न तथा ओरियन्टेसन कार्यक्रम रहेको छ। यही पुस ३ गतेदेखि फिल्डमा गएर क्यामेरा ओछ्याउने काम शुरु हुन्छ,' वरिष्ठ इकोलोजिष्ट आचार्यले भने।

क्यामेरा ओछयाउन सहजताका लागि बाघ पाइने क्षेत्रलाई सिस्टमेटिक बनाउनलाई ब्लकमा विभाजन गरिएको छ। चितवन–पर्सा, बाँके–बर्दिया र शुक्लाफाँटा–लालझाडी गरी मुख्य तीन ब्लकमा विभाजन गरिएको छ। हरेक ब्लकलाई फेरि क्याम्प–क्याम्पमा बाँडेर प्राविधिक कर्मचारी खटाएर क्यामेरा राख्ने काम गरिन्छ। एउटा पाटे बाघको पाटा अर्को सँग नमिल्ने र फोटोमा कुनै द्विविधा नहुने भएकाले यस प्रविधिको गणनालाई वैज्ञानिक मानिन्छ।

क्यामेराबाट तथ्याङ्क आइसकेपछि निकुञ्ज विभागमै विश्लेषण र जम्मा गरी संख्या एकिन गरिन्छ। अन्तिम परिणाम आगामी जुलाई २९ अर्थात् अन्तरराष्ट्रिय बाघ दिवसका दिनसम्म प्रतिवेदन सार्वजनिक गर्ने भन्ने योजना रहेको वरिष्ठ इकोलोजिष्ट आचार्यले बताए।

निकुञ्ज विभागले बाघ गणना सम्पन्न भएपछि गैंडाको पनि गणना गर्ने तयारी रहेको जनाएको छ। त्यस्तै सम्बन्धित निकुञ्जले बाघ र गैंडाको जस्तो नियमित र राष्ट्रियस्तरको नभए पनि चितवन र बर्दियामा घडियाल गोही, पर्सा र चितवनमा गौरी गाई र कोशीमा अर्नाको गणना गर्ने गरेका छन्।

**नेपालले धान्न सक्ने बाघको संख्या कति ?**

पाटे बाघ विश्वका १३ देशमा पाइन्छन्। यी मुलुकका सरकार तथा राष्ट्र प्रमुखको सन् २०१० मा रुसको सेन्टपिटर्सवर्गमा भएको सम्मेलनले बाघको संख्यालाई सन् २०२२ सम्ममा दोब्बर बनाउने प्रतिबद्धता व्यक्त गरेको थियो। नेपालबाहेक भारत, चीन, भुटान, रुस, बङ्गलादेश, भियतनाम, म्यान्मा, मलेसिया, इन्डोनेसिया, थाइल्याण्ड र लाओसमा पाटेबाघ पाइन्छन्।

सम्मेलनमा नेपालले सन् २००९ को गणनाअनुसार नेपालमा रहेका तत्कालीन बाघको संख्या एक सय २१ लाई बढाएर दोब्बर पुर्याउने प्रतिबद्धता जनाएको थियो। हाल नेपालमा बाघको संख्या बढेर त्यसको झण्डै तेब्बर पुगेको छ।

नेपालमा बाघको संख्या लक्ष्यभन्दा धेरै वृद्धि भएसँगै यिनको व्यवस्थापन, मानव–बाघ द्वन्द्व, बासस्थानलगायत विविध चुनौतीसमेत देखिएका छन्। मध्यवर्ती क्षेत्रका स्थानीय घाँस दाउरा, निहुरो टिप्न र गाईभैँसी चराउन जाने क्रममा बाघको आक्रमणमा पर्ने गरेका छन्। त्यस्तै कतिपय अवस्थामा बाघको चोरीसिकारी हुने, स्थानीय जनताको आक्रोशको निशानामा पर्ने र ठूला तथा लामा पूर्वाधारमा वारपार गर्ने क्रममा बाघ मर्नेक्रम पनि बढेको छ।

वर्तमान अवस्थामा नेपालमा बाघको सङ्ख्याको आवश्यकताका बारेमा समेत बहस शुरु भएको छ। कतिपयले वातावरणीय क्षमताका हिसाबले नेपालमा बाघको संख्या बढी भएको तर्क गरेका छन् भने कतिपयले बाघको संख्याको 'धान्ने क्षमता' (क्यारिङ क्यापासिटी) र आहारा तथा बासस्थानको गुणस्तरका बारेमा समेत गहिरो अध्ययन हुनुपर्नेमा जोड दिएका छन्।

नेपालमा बाघको संख्याको 'धान्ने क्षमता'का बारेमा हाल मन्त्रालयसँगको समन्वयमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी), विश्ववन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपाल र जिओलोजीकल सोसाइटी अफ लण्डन (जेडएसएल)लगायत संस्थाले अध्ययन गरिरहेका छन्।

राष्ट्रिय प्रकृति संरक्षण कोष (एनटिएनसी) का सदस्यसचिव डा नरेश सुवेदीले मुलुकको पर्यापर्यटनमा बाघको सबैभन्दा बढी महत्व रहेको उल्लेख गर्दै बाघको उचित व्यवस्थापनमा जोड दिए। उनले भने, 'वन मन्त्रालयसँग मिलेर हामीले बाघ संरक्षणका सवालमा स्थानीय समुदायमा जनचेतना जगाउने र आर्यआर्जनलगायत सीपमूलक तालिम तथा कार्यक्रम गर्दै आएका छौँ।' उनले पर्यापर्यटन प्रवद्र्धन गर्न र मानवसँगको द्वन्द्व रोकथामका लागि मानव–बाघ सहअस्तित्वका कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिए।

जेडएसएलका राष्ट्रिय प्रतिनिधि डा भगवानराज दाहालले भने, 'अहिले नै बाघको संख्या बढी भयो भन्न मिल्दैन, बरु बाघलाई आफ्नो बासस्थानमा अडिनका लागि गुणस्तरीय आहारा वृद्धि गर्न पानीका स्रोत र घाँसेमैदान बढाउनतर्फ लाग्नुपर्छ।' पछिल्लो सन् २०२२ को गणनाअनुसार सबैभन्दा बढी बाघ चितवन राष्ट्रिय निकुञ्जमा एक सय २८ वटा र बर्दिया राष्ट्रिय निकुञ्जमा एक सय २५ बाघ रहेका छन्। त्यस्तै बाँकेमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ रहेको मन्त्रालयको तथ्याङ्क छ।

नेपालले विसं २०६७ देखि बाघ दिवस मनाउँदै हरेक चार वर्षमा राष्ट्रियस्तरमा बाघ गणनासमेत गर्दै आएको छ। नेपालमा बाघको संख्या सन् १९९५ मा ९८, सन् २००० मा एक सय नौ, सन् २००५ मा एक सय २६, सन् २००९ मा एक सय २१, सन् २०१३ मा एक सय ९८ र सन् २०१८ मा बाघको संख्या बढेर दुई सय ३५ पुगेको थियो।

विश्वजन्तु कोष नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले बाघ पर्यापर्यटनको ठूलो धरोहर भएको बताउँदै सबै मिलेर यसको संरक्षणमा लाग्नुपर्ने बताए। मानव–बाघ द्वन्द्व न्यूनीकरणका लागि जङ्गल वरपरका स्थानीयलाई जङ्गल नपस्ने गरी जीविकोपार्जनको विकल्प दिनुपर्ने, स्थानीयको वन्यजन्तुप्रति गर्ने आनीबानीमा परिवर्तन गर्नुपर्ने उनको सुझाव छ।

**देशभरका खोरमा १८ समस्याग्रस्त बाघ**

बाघको संख्यामा उल्लेख्य वृद्धि भएसँगै राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र र आसपासका क्षेत्रमा समस्याग्रस्त बाघको समस्या पनि बढ्दो छ। खासगरी मानव बस्तीमा पसेका, मानव तथा घरपालुवा जनावरलाई आक्रमण गरेका र घाइते अवस्थामा भेटिएका बाघलाई उद्धार गरेर खोरमा राख्ने गरिएको छ।

हाल मुलुकभर यस्ता समस्याग्रस्त बाघको संख्या १८ वटा छ। तीमध्ये ललितपुरको जावलाखेलस्थित सदर चिडियाखानामा पाँच, चितवन राष्ट्रिय निकुञ्जमा सात, बर्दिया राष्ट्रिय निकुञ्जमा चार, बाँके र पर्सा राष्ट्रिय निकुञ्जमा एक–एक बाघ खोरमा राखिएका छन्। यस्ता बाघको दैनिक आहारा, हेरचाह, उपचार र अन्य व्यवस्थापनमा बर्सेनि सरकारको ठूलो रकम खर्च हुँदै आएको छ।

सन् २०२५ पछिल्लो तथ्याङ्कअनुसार विश्वमा बाघको संख्या बढेर पाँच हजार ३ सय ५७ पुगेको छ। त्यसमध्ये सबैभन्दा बढी भारतमा तीन हजार १ सय ६७, रुसमा सात सय ५०, इण्डोनेसियामा चार सय, नेपालमा तीन सय ५५, थाइल्याण्डमा एक सय ८९, भुटान एक सय ५१, मलेसियामा एक सय ५०, बङ्गलादेशमा एक सय ४६, म्यान्मामा २२, चीनमा २०, भियतनाममा पाँच र लाओसमा दुईवटा बाघ छन्। रासस

# प्रादेशिक अस्पताललाई जग्गा रजिस्ट्रेसनमा लाभकर छुट

**सिरहा ।**
लहान नगरपालिका–३ स्थित रामकुमार शारदा उमाप्रसाद मुरारका प्रादेशिक अस्पतालको जग्गा 'रजिस्ट्रेसन'का लागि लाग्ने लाभकर सरकारले मिनाहा गरेको छ । मन्त्रिपरिषद्को सोमबारको बैठकले करिब एक करोड ३४ लाख ९५ हजार रुपैयाँबराबरको लाभकर छुट दिने निर्णय गरेको हो ।

झण्डै पाँच दशकदेखि अस्पतालको हकभोगमा रहेको जग्गा रजिस्ट्रेसन हुन नसक्दा भौतिक संरचना विस्तारमा समस्या हुँदै आएको थियो । सरकारको निर्णयपछि सिराहा, सप्तरी र उदयपुरका बिरामीले सेवा लिने यस अस्पतालको स्तरोन्नति र सेवा विस्तार सहज हुने भएको छ । सरकारले गरिब तथा विपन्न समुदायको उपचार आवश्यकतालाई ध्यानमा राखेर सकारात्मक निर्णय गरेको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहताले बताए । उनले भने, 'विगत लामो समयदेखि विभिन्न कारणले रोकिएको प्रादेशिक अस्पतालको जग्गा रजिस्ट्रेसनको समस्या अन्ततः समाधान भएको छ । स्थानीय जनताको मागबमोजिम सङ्घीय सरकारले लाभकर छुट दिने ऐतिहासिक निर्णय गरेको छ ।

यस निर्णयले सिङ्गो सिराहासहित आसपासका क्षेत्रका नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने आशा र भरोसा दिएको छ । अब अस्पतालको स्वामित्वमा जग्गा आएपछि भौतिक संरचना विस्तार, नयाँ भवन निर्माण र सेवा सुधारका काम तीव्र रूपमा अघि



बढ्नेछन् । यस महत्त्वपूर्ण निर्णयका लागि पहल गर्ने सबै पक्षप्रति अस्पताल परिवारका तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।' मन्त्रिपरिषद् निर्णयअनुसार लहान नगरपालिका–७ स्थित कित्ता नं २४८, २४९, ३२७ र ३३० मा रहेको एक बिघा १५ कट्ठा १० धुर जग्गा तथा भवन मधेश प्रदेश सरकारका नाममा हस्तान्तरण गर्दा आयकर ऐन र आर्थिक ऐनबमोजिम लाग्ने लाभकर छुट दिइनेछ ।

अस्पतालका पूर्वमेडिकल सुपरिटेन्डेन्ट डा बृजेन्द्र साहका अनुसार जग्गा अस्पतालको स्वामित्वमा आएपछि अब एक सय शय्याको भवन निर्माण, सिटीस्क्यान, एमआरआई तथा विशिष्टीकृत उपचार सेवा विस्तार गर्ने बाटो खुलेको छ । विसं २०३७ मा लहानका दाता परिवार रामकुमार शारदा र उमाप्रसाद मुरारकाले अस्पतालका लागि जग्गा उपलब्ध गराएका हुन् । लाभकर कसले तिर्ने भन्ने विषयमा अन्योल हुँदा रजिस्ट्रेसन रोकिएको थियो । पछिल्लो समय युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताको सक्रियतामा स्थानीय अगुवा, अस्पताल परिवार र युवाको पहलपछि सरकारले लाभकर छुट दिने निर्णय गरेको हो । रासस


## कर्पोरेट डेभलपमेन्ट बैंक लि., शाखा कार्यलय, बसपार्क ,वीरगंजको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रिको पुनः७ दिने सुचना

यस कर्पोरेट डेभलपमेण्ट बैंक लिमिटेडका तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, हर्जाना ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सुचना गरी तरतागेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्त, बन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पुर्ण कर्जा, सो कर्जाको ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुरहरु तिर्न बुझाउनका लागि यस अघि विभिन्न मिति २०८१/१०/२३ को मधेशदृष्टि राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सार्वजनिक सुचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने कर्जा चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पति तथा सो को लिग लगापात समेत जहां जे जस्तो अवस्थामा छ सोही अवस्थामा मिति २०८१/१२/२० को मधेशदृष्टि राष्ट्रिय पत्रिकामा १५ दिने लिलाम सूचना प्रकाशित गर्दा समेत लिलाम हुन नसकेकोले यो धितो पुनःलिलाम सुचना प्रकाशित भएको मितिले ८ औं दिन (८ औं दिन बिदा परकोमा त्यसको लगतै बैंक खुलेको दिन) अर्थात मिती २०८२/०९/०९ गते बुधवारका दिन दिउँसो ४:०० बजे देखि बैंकको मुख्य कार्यालय वीरगंज, कर्जा विभागमा गोप्य शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्री गरिने हुंदा उक्त अचल सम्पत्ति लिलाम सकार गरी लिन चाहनुहुने व्यक्ति, कम्पनी ,फर्म, संघ संस्थाहरु समेतको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । तसर्थ निम्न लिखत शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले उक्त ७ (सात) दिन भित्र कार्यालय समयमा यस विकास बैंकको केन्द्रिय कार्यालय विरगन्ज म.न.पा वडा नं ०६ गिता मन्दिर रोड, पर्सामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यसै सूचनाद्धारा ईच्छुक महानुभावहरु तथा संघसंस्थाहरुलाई आव्हान गरि लिलाम बिक्रि गर्ने भएको हुंदा सर्वसाधारणको जानकारीको लागि यो सुचना प्रकाशित गरीएको छ ।

तपसिल

| १)ऋणीको नाम, ठेगाना |
|---|
| प्राइभेट फर्म रजिष्ट्रेसन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग , वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विरगंज, पर्सामा मिति २०७१/०१/२४ गते प्रा.फ.र.नं.३२२०२/०७०/०७१ दर्ता भै,सखुवा प्रसौनी गा.पा.,महुवन वडा नं. ०५ पर्सा कार्यालय रहेको **महाविर ट्रेड कन्सर्न (प्रोप्राइटर - राज कपुर साह तेली)** । |
| **कर्जाको प्रकार:-व्यवसायीक अधिविकर्ष कर्जा , व्यवसायीक डिमान्ड कर्जा** |
| **कर्जाको सुरक्षण विवरण:** |
| क) जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४-०१-७६-१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३५ को रुमा देवी साहको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०६ स्थित किता नं १५४ र १५५ को जम्मा क्षेत्रफल क्रमश: ०-४-०-० र ०-४-०-० को घर जग्गाहरु । ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१ ,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को जयगोविन्द सा तेलीको नाममा दर्ता कायम रहेको जिल्ला पर्सा महुवन वडा नं ०३ स्थित किता नं ५६ को जम्मा क्षेत्रफल ०-१-६-० को घर जग्गा । |
| **प्रोप्राईटर तथा व्यक्तिगत जमानीकर्ताहरु :** |
| क)जयगोविन्द सा तेलीको बुहारी, राज कपुर साह(तेली) को श्रीमती जिल्ला पर्सा, सखुवा प्रसौनी वडा नं. ०५ घर बस्ने (ना.प्र.न. ३४०१७६१०९८६,जारी मिति २०७६/१०/१५, जि.प्र.का. पर्सा) बर्ष ३६ को **रुमा देवी साह** । ख) सेवक साह तेलीको नाति, रामटहल सा तेलीको छोरा जिल्ला पर्सा, महुवन वडा नं.०३ घर भई हाल जिल्ला पर्सा सखुवा प्रसौनी गा.पा. वडा नं. ०५ बस्ने (ना.प्र.न. ५०९४०१८१,जारी मिति २०३६/०१/१३, जि.प्र.का. पर्सा) बर्ष ९० को **जयगोविन्द सा तेली** । ग)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गाविस महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनिगा.पा. वडा नं. ०५, बस्ने (ना.प्र.न. ५७९६१७३४, जारी मिति २०५९/११/२०, पर्सा) बर्ष ३९ को **राज कपुर साह (तेली)**। घ)रामटहल सा तेलीको नाती, जयगोविन्द सा तेलीको छोरा,जिल्ला पर्सा गा.वि.स. महुवन वडा नं. ०३ भई हाल जिल्ला पर्सा, सखूवा प्रसौनि गा.पा. वडा नं. ०५, बस्ने(ना.प्र.न. ५७९४१६७१ ,जारी मिति २०५८/०५/२१, पर्सा) बर्ष ४१ को **अनिल कुमार साह** । |
| **नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।** |
| **पुनश्च : धितो लेखिदिने तथा ब्यक्तिगत जमानी दिनेहरुलाई सूचना :** उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नु हुन पुन :अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बढाबढ भई बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलाम बाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सुचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको कम मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(६) अनुसार सकार गरि लियो भनी कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाकी रहेमा ऋणी लगायत ब्यक्तिगत जमानी दिनेहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने ब्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ । |

**शिलबन्दी लिलाम बिक्री सम्वन्धी अन्य शर्त वन्देजहरु :**

१) शिलबन्दी बोलपत्र आवेदन फारम यस विकास बैंकको केन्द्रीय कार्यालय, वि.म.न.पा वडा नं ०६गितामन्दिर रोड, पर्साबाट प्राप्त गर्न सकिनेछ ।

२) शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७(सात)दिनको दिउंसो ४:०० बजे भित्र केन्द्रिय कार्यालय विरगन्ज म.न.पा.०६गितामन्दिर रोड पर्सामा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ ।

३) बोलपत्र फारममा आफूले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी कवोल गरेको अंकको कम्तीमा १० प्रतिशत रकम यस बिकास बैंककोसण्ड्रि क्रेडिटर्स खातामा जम्मा गरेको भौचरको सक्कल प्रति साथ पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७(सात) दिन भित्र बाँकी ९० (नब्बे) प्रतिशत रकम बुझाई लिलाम सकार गरेको सम्पत्ति आफनो नामसारी गरीलिने र नामसारी गर्दा लाग्ने राजश्व लगायतका अन्य सम्पूर्ण खर्च समेत भुक्तान गर्नेगरी गरी लिनुपर्नेछ । सो म्याद भित्र रकम जम्मा नभएमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत गर्ने अधिकार बैंकमा रहनेछ ।

४) कुनै शर्त राखी पेश गरेको वा रित नपुगी वा म्याद नाघि पेश हुन आएको बोत्रपत्र स्वतः रद्द हुनेछ ।

५) लिलाम बिक्री हुने चल/अचल सम्पत्तीको जे जस्तो अवस्थामा छ सोही अवस्थामा एक मुष्ठ तथा छुट्टा छुट्टै चल/अचल सम्पत्तीअनुसार बिक्री गर्न बोलपत्र भर्न सकिनेछ । बिक्री नामसारी भएपछि बैंकको कुनै दायित्व रहने छैन ।

६) बोलपत्र खोल्नका लागि आमन्त्रीत प्रतिनिधी वा बोलपत्रदाताहरु समेत उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।

७) कुनै कारण खुलाई वा नखुलाई उक्त बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा सुरक्षित रहनेछ ।

८) अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२ पुस ०८ गते मंगलबार दिउँसो ४:०० बजे सम्म ।**
**शिलबन्दी बोलपत्र खोलिने मिति : २०८२ पुस ०९ गते बुधबार दिउँसो ४:०० बजे देखि ।**
**बोलपत्र खोलिने स्थान : केन्द्रिय कार्यालय,गितामन्दिर रोड, बीरगन्ज-०६, पर्सा ।**

| नोट :ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको । | |
|---|---|
| Corporate Development Bank Ltd. कर्पोरेट डेभलपमेन्ट बैंक लि. first choice - financial friend<br>नेपाल राष्ट्र बैंकबाट ख वर्गको ईजाजत पत्र प्राप्त वित्तिय संस्था | प्रधान कार्यालयः<br>गीता मन्दिर रोड, वीरगंज,पर्सा<br>फोन नं. ०५१-५३१०३१<br>शाखा कार्यालयः बसपार्क (बाईपास) बिरगंज ड्राईपोर्ट, श्रीसिया, बिरगंज ,बदननगर (बिरगंज), बरहथवा(सर्लाही) , बर्दिबास (महोतरी) । |


# सामुदायिक विद्यालयलाई भौतिक सामग्री वितरण

**सिरहा ।**
लहान नगरपालिकाले सामुदायिक विद्यालयलाई भौतिक सामग्री वितरण गरेको छ । नगरपालिकाले ३ सय ३० थान नयाँ डेस्कबेञ्चसहित विद्यालय प्रशासनलाई थप जवाफदेही बनाउन उजुरी पेटिकासमेत वितरण गरेको छ ।

नगरप्रमुख महेशप्रसाद चौधरीले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई सामग्री हस्तान्तरण गरे । चौधरीका अनुसार यस कार्यका लागि नगरपालिकाले ३० लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो ।

नगरप्रमुख चौधरीले भने, 'सामुदायिक विद्यालयको सुधार नगरी समग्र शिक्षा सुधार सम्भव छैन ।' उनका अनुसार, अघिल्लो आर्थिक वर्षमा ३ सय थान डेस्कबेन्च वितरण गरिसकेको र आगामी शैक्षिक सत्रबाट विद्यार्थीलाई कापी र डटपेन उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको छ ।

यसका अतिरिक्त, 'पढ्दै कमाउँदै कार्यक्रम' अन्तर्गत पशुपति आदर्श माध्यमिक विद्यालयलाई २० लाख रुपैयाँ छुट्याइएको छ ।

प्रविधियुक्त शिक्षणका लागि ३६ थान स्मार्ट बोर्ड वितरण गर्ने हिसाबले खरिद प्रक्रिया शुरु गरिएको छ । भौतिक पूर्वाधारतर्फ, लक्ष्मण ललिता कुशवाहा माध्यमिक विद्यालय, माध्यमिक विद्यालय पडरिया थारुटोल, लेखनाथ माध्यमिक विद्यालयलगायतमा चारकोठे भवन निर्माण सम्पन्न भइसकेको र आवश्यकतानुसार अन्य विद्यालयमा पनि क्रमशः निर्माण गरिने नगरपालिकाले जनाएको छ ।

नगरपालिकाले दलित तथा मुसहर विद्यार्थीलाई लक्षित गर्दै निःशुल्क ट्युसन कक्षा सञ्चालनको तयारी पनि गरेको छ । माध्यमिक विद्यालय पडरिया थारुटोलका प्रधानाध्यापक मनोज यादवले नगरपालिकाको यस कदमले विद्यालयको शैक्षिक तथा भौतिक वातावरणमा सुधार ल्याउने विश्वास व्यक्त गरे । लहान नगरक्षेत्रमा ६१ सामुदायिक विद्यालय छन् ।

# स्वास्थ्यचौकीलाई उपकरण सहयोग



**सिरहा ।**
ग्रामीण क्षेत्रमा सुरक्षित मातृत्वको प्रवद्र्धन र मातृ तथा शिशु मृत्युदर कम गर्ने उद्देश्यले भलुवाहीस्थित स्वास्थ्यचौकीलाई ग्रामीण अल्ट्रासाउन्ड उपकरण उपलब्ध गराइएको छ ।

मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमअन्तर्गत सिरहा नगरपालिका–११ भलुवाहीस्थित बर्थिङ सेन्टरसहित स्वास्थ्यचौकीलाई अल्ट्रासाउन्ड हस्तान्तरण गरिएको हो । स्वास्थ्यचौकीका प्रमुख प्रदीपनारायण ठाकुरका अनुसार उपकरण प्राप्त भएसँगै अल्ट्रासाउन्ड सेवा नियमित रूपमा सञ्चालनमा आएको छ ।

उनले भने, 'यसअघि अल्ट्रासाउन्ड सुविधा नहुँदा जटिल अवस्था देखिएका गर्भवतीलाई सिरहा प्रादेशिक अस्पताल रेफर गर्नुपर्ने बाध्यता थियो, अब त्यो समस्या हटेको छ ।' स्वास्थ्यचौकीमा दैनिक गर्भवती जाँचका लागि आउने गरेका छन् । प्रमुख ठाकुरले अल्ट्रासाउन्ड उपलब्ध भएपछि गर्भावस्थादेखि शिशु जन्माउने बेलासम्म जाँच गर्दा आर्थिक भार बेहोर्नुपर्ने छैन ।

लहानस्थित होप फाउन्डेसनका अध्यक्ष पार्वती सुब्बाका अनुसार 'बन हर्ट वल्र्डवाइड'को सहयोगमा दुई लाख २३ हजार रुपैयाँ बराबरको अल्ट्रासाउन्ड उपकरण प्रदान गरिएको हो । यस सहयोगले गरिब तथा विपन्न समुदायका गर्भवतीलाई महँगो शुल्क तिरेर निजी क्लिनिक धाउनुपर्ने बाध्यता अन्त्य हुनेछ ।

उपकरण बन हर्ट वल्र्डवाइडका जिल्ला संयोजक कवीन्द्र रेग्मी र होप फाउन्डेसनकी अध्यक्ष सुब्बाले स्वास्थ्य चौकी व्यवस्थापन समिति, वडाध्यक्ष, जिल्ला स्वास्थ्य कार्यालय, नगर स्वास्थ्य शाखा, महिला स्वास्थ्य स्वयंसेविका तथा आमा समूहका प्रतिनिधिको उपस्थितिमा हस्तान्तरण गरेकी हुन् ।

# १७६ केजी गाँजा बरामद

**मधेशदृष्टि**
**पर्सा ।**
जिल्ला प्रहरी कार्यालय पर्साले ठूलो परिमाणमा लागुऔषध बरामद गरेको छ । प्रहरी चौकी सिर्सिया पर्साबाट खटिएको टोलीले मंसिर २९ गते साँझ ८ बजे, वीरगंज–१७, कोनिया क्षेत्रमा बा२१च ७८५५ नम्बरको पिकअप गाडी चेकजाँच गर्दा गाडीको पछाडिपट्टि प्लाष्टिकको बोरामा लुकाइ राखिएको १७६ केजी लागु औषध गाँजा जस्तो देखिने पदार्थ बरामद गरेको हो । घटनामा गाडी चालक, रामेछाप खाडादेवी गाउँपालिका–१ बस्ने २८ वर्षीय सुबराज श्रेष्ठलाई नियन्त्रणमा लिइ थप अनुसन्धान जारी राखिएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, महोत्तरीको गौशालाबाट प्रहरीले मोटरसाइकलमा ल्याउँदै गरेको गाँजासहित दुई जनालाई नियन्त्रणमा लिएको छ । मोटरसाइकलमा राखिएको सेतो प्लास्टिकको बोरामा बेरिएको एक पोका र मोटरसाइकलको पछाडि भिरेको कालो झोलामा एक पोका गरी १० किलो ६५० ग्राम गाँजा प्रहरीले नियन्त्रणमा लिएको हो । मंगलबार बिहान गौशाला नगरपालिका–८ खाल्टे बजार महादेव मन्दिरनजिक भारतीय नम्बर बीआर ३० डब्लु १३०९ नम्बरको रातो कालो पल्सर मोटर साइकलमा १० किलो ६ सय ५० ग्राम गाँजा लिएर आउँदै गरेका २ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो । इलाका प्रहरी कार्यालय गौशालाबाट खटेको प्रहरी टोलीले चेकिङका क्रममा महोत्तरी सोनमा–३ का २० वर्षीय हरेन्द्र बैठा र २१ वर्षीय अर्जुन बैठालाई गाँजासहित पक्राउ गरेको प्रहरी नायब उपरीक्षक शेलेन्द्रकुमार भट्टले बताए ।

# तीनदिने आँखा शिविर सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
तिलगंगा आँखा प्रतिष्ठान, काठमाडौँ, बहुदरमाई नगरपालिका–५ र जनमुखी युवा क्लब, भौराटार पर्साको संयुक्त आयोजनामा सञ्चालन भएको तीन दिने आँखा शिविर तथा अप्रेशन कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । कार्यक्रममा ५ हजार ५ सय जनाको आँखा जाँच गरिएको थियो भने ४ सय ६३ जनाको आँखा अप्रेशन गरिएको थियो । बिदाई समारोहमा वडा नम्बर ५ का अध्यक्ष सुनिल महतो कोइरी, क्लब अध्यक्ष शिवशंकर साह, सचिव रामप्रवेश मण्डल, स्वागत मन्तव्य दिने रामबाबु साह, सशस्त्र प्रहरी बल, बागेश्वरी तिलाउनाका प्रमुख, तिलगंगा प्रतिष्ठानका प्रतिनिधि तथा समाजसेवीको उपस्थिति थियो । कार्यक्रम सञ्चालक दुलारचन प्रसाद साहलाई उत्कृष्ट योगदानका लागि प्रशंसा तथा सम्मान पत्र प्रदान गरिएको थियो । यसरी स्थानीय समुदायका स्वास्थ्य सेवा पहुँचमा योगदान पु¥याउने यस्तो कार्यक्रमले सबैको प्रशंसा बटुलेको छ ।

# आइपिएलकै महँगो विदेशी खेलाडी बन्न सफल क्यामरन ग्रीन

**एजेन्सी ।**
अस्ट्रेलियाका अलराउन्डर क्यामरन ग्रीन इन्डियन प्रिमियर लिग (आइपिएल) इतिहासमै सबैभन्दा महँगा विदेशी खेलाडी बनेका छन् । मंगलबार भइरहेको आइपिएल अक्सनमा उनलाई कोलकाता नाइट राइडर्सले २५ करोड २० लाख भारुमा अनुबन्ध गरेको हो । यसअघि सन् २०२४ को आइपिएलका लागि भएको अक्सनमा अस्ट्रेलियाकै मिचेल स्टार्कलाई कोलकाताले २४ करोड ७५ लाख भारुमा किनेको थियो र उनी नै त्यसबेला सबैभन्दा महँगा थिए । ग्रीन २५ करोड २० लाख भारुमा अनुबन्ध भए पनि पूरा रकम भने पाउने छैनन् । नयाँ आइपिएल नियमअनुसार विदेशी खेलाडीका लागि अधिकतम पारिश्रमिकको सीमा तोकिएको छ । यो नियमअनुसार विदेशी खेलाडीले पाउने अधिकतम रकम अघिल्लो मेगा अक्सनको सबैभन्दा उच्च रिटेन्सन मूल्य बराबर मात्रै हुन सक्छ, जुन हाल १८ करोड रुपैयाँ हो । यदि अक्सनमा कुनै टिमले यसभन्दा बढी बोली लगाए पनि त्यो अतिरिक्त रकम खेलाडीलाई दिइने छैन । अतिरिक्त रकम बिसिसिआइले खेलाडी कल्याण कोषका लागि प्रयोग गर्नेछ । यस नियमका कारण उनले १८ करोडभन्दा बढी रकम पाउने छैनन् । यो नियमको उद्देश्य साना अक्सनमा विदेशी स्टार खेलाडीका कारण अत्यधिक मूल्य वृद्धि हुन नदिनु भएको बताइएको छ । यस नियमले भारतीय खेलाडीलाई भने असर पार्ने छैन, उनीहरूका लागि यस्तो कुनै सीमा लागू हुँदैन । आइपिएलकै सबैभन्दा महँगा खेलाडी भने भारतका रिषभ पन्त हुन् । उनलाई गत संस्करणको अक्सनमा लखनउ सुपर जायन्ट्सले २७ करोड भारुमा अनुबन्ध गरेको थियो ।

# किसानलाई राहत बाँड्न बजेट अभाव



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्राकृतिक विपद्का कारण बाली नष्ट हुँदासमेत मधेश प्रदेशका किसानले अझैसम्म सरकारी राहत पाउन सकेका छैनन् । खडेरी र बेमौसमी वर्षाले दोहोरो मार परेको यस वर्ष उत्पादन घटेको छ भने किसानलाई जीविकोपार्जन नै संकटमा परेको छ । असार–साउनमा पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित बनेको मधेशमा कात्तिक महिनामा भएको अविरल वर्षाले पाकिसकेको धान खेतमै ढालिदियो । महोत्तरीका किसान राजकुमार मण्डलका अनुसार भित्र्याउने तयारी भइरहेको धान वर्षाले नष्ट हुँदा परिवार पाल्ने चिन्ता बढेको छ । 'सरकारले राहत दिने कुरा सुनियो, तर हामीसम्म केही पुगेको छैन,' उनले भने । कृषि ज्ञान केन्द्र महोत्तरीका अनुसार बेमौसमी वर्षाले धानसँगै तरकारी, दलहन, तेलहन र आलुजस्ता नगदे बालीमा पनि ठूलो क्षति पुगेको छ । महोत्तरीमा रहेको ४० हजार ३ सय २१ हेक्टर धान खेतीयोग्य जमिनमध्ये खडेरीका कारण करिब ३० हजार हेक्टरमा मात्रै रोपाइँ हुन सकेको थियो । त्यसमा पनि कटानीको समयमा आएको वर्षाले उत्पादनमा थप गिरावट ल्याएको छ । गत वर्ष महोत्तरीमा १ लाख २४ हजार मेट्रिक टन धान उत्पादन भएको थियो भने यसवर्ष २०–२५ प्रतिशतसम्म उत्पादन घट्ने अनुमान गरिएको छ । अर्का किसान धर्मनाथ यादवले पनि सरकारले घोषणा गरेको राहत अहिलेसम्म नआएको गुनासो गरे । 'राहत आउँछ भनिएको थियो, तर न त जानकारी आयो न त सहयोग नै,' उनले बताए । किसानहरूले तत्काल क्षतिको मूल्याङ्कन गरी राहत प्याकेज घोषणा गर्न, बिउ–बिजन सहयोग तथा सहुलियत कर्जाको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका बाली विकास अधिकृत रोविन बस्नेतले संघीय सरकारले सुक्खाग्रस्त क्षेत्र घोषणा गरे पनि बजेट अभावका कारण किसानलाई क्षतिपूर्ति वितरण गर्न नसकिएको स्वीकार गरे । उनका अनुसार तीन महिनाका लागि सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको भए पनि तोकिएको समय सकिइसकेकाले आवेदन प्रक्रियामा रोक लागेको छ । आर्थिक वर्ष २०८१–८२ मा मधेश प्रदेशमा ३ लाख १९ हजार ६ सय २६ हेक्टर क्षेत्रफलमा धान खेती भएको छ । तर सुक्खा र अविरल वर्षाका कारण अघिल्ला वर्षको तुलनामा यस वर्ष खेती क्षेत्र र उत्पादन दुवै घटेको मन्त्रालयको भनाइ छ । प्रदेश सरकारको तथ्यांकअनुसार कात्तिक १३ देखि १५ गतेसम्म परेको अविरल वर्षाले मधेश प्रदेशको कृषि क्षेत्रमा २४ करोड २२ लाख रुपैयाँभन्दा बढीको क्षति भएको छ । धान, तरकारी, केरा र उखुजस्ता बालीमा ठूलो परिमाणमा क्षति पुगेको भए पनि किसानले अपेक्षित राहत नपाउँदा समस्या झन् गहिरिँदै गएको छ ।

# एमालेको मतदान बुधबार मात्रै

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेकपा एमालेको ११ औँ महाधिवेशन अन्तर्गत नेतृत्व चयनका लागि मतदान भने बुधबार बिहानबाट मात्र हुने भएको छ । मंगलबार साँझ मतदानका लागि दुई घण्टा भन्दा बढी लाइन बसेका प्रतिनिधि मतदान नगरी फर्किएका हुन् । निवर्तमान महासचिव शंकर पोखरेलले बुधबार बिहान ८ बजेपछि मात्रै मतदान हुने सूचना जारी गरेपछि प्रतिनिधि लाइन बसेर मतदानविना नै बासस्थल फर्किएका हुन् ।

# मधेश प्रदेश सभा आजदेखि

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाको बैठक आजदेखि शुरु हुने भएको छ । प्रदेश सभाको बैठक दिउँसो १ बजेका लागि बोलाइएको प्रदेश सभा सचिवालयका सचिव बासु कोइरालाले जानकारी दिए । सात दलको सहमतिको आधारमा बैठक बोलाइएको सचिवालयले जनाएको छ । पुस ४ गते बस्ने प्रदेश सभा बैठकमा मुख्यमन्त्री कृष्ण प्रसाद यादवले विश्वासको मत लिने तालिका छ । यसैगरी मधेश प्रदेशका तत्कालीन सभामुख रामचन्द्र मण्डल पदमुक्त भएपछि रिक्त रहेको सभामुखको चयन गर्ने कार्यक्रम समेत रहेको जनाइएको छ ।

# उखुको मूल्यमा खुशी उद्योग नचल्दा दुःखी

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले उखुको मूल्य र अनुदान रकम निर्धारण गरेसँगै खुशी भएका मध्य तराईका पर्सा, बारा, रौतहट, सर्लाहीका उखु किसान चिनी उद्योगहरूले अझै उखु क्रसिङ्ग शुरु नगर्दा निराश भएका छन् । सरकारले मूल्य र अनुदान गरी प्रतिक्विन्टल ६ सय ९० रुपैयाँ निर्धारण गरेसँगै किसानलाई राहत भएको भन्दै मङ्सिरको अन्तिम साताहेखि चिनी मिल सञ्चालनमा आउने र उखु बिक्री गर्न पाउने आसमा रहेका किसान पुस लाग्दासमेत चिनी मिल सञ्चालनमा नआउँदा निराश भएको पर्साका उखु कृषक राम विनय यादवले बताए । मूल्य र अनुदानसमेत गर्दा गत वर्षभन्दा प्रतिक्विन्टल ७० रुपैयाँले बढेको उखुको मूल्य समयमै क्रसिङ्ग हुन नसके उखुको रस सुकेर किसानले घाटा व्यहोर्नु पर्ने अवस्था आउनसक्नेतर्फ आफूहरू चिन्तित भएको किसान यादवले बताए । यता मध्यतराईका जिल्लामा रहेका अधिकांश चिनी मिल पुसको पहिलो साताहेखि सञ्चालनमा आउने तयारीमा जुटेका छन् । बारा, रौतहट र सर्लाहीका चिनी उद्योगमा मिलका उपकरण मर्मत, परीक्षण र कामदार जुटाउने सहितको तयारी भइरहेको उद्योगका सञ्चालकहरूले बताएका छन् । सरकारले उखुको मूल्य तोकिसकेकाले चिनी उद्योगले पनि अब धमाधम मिल सञ्चालन गरेर उखु क्रसिङ (पेल्ने) काम शुरु गर्ने तयारी गरेको ईन्दु शंकर चिनी मिल सर्लाहीका सञ्चालक राजेश केडियाले बताए । बाराको रिलायन्स सुगर मिल्स, सर्लाहीको इन्दुशङ्कर चिनी उद्योग लगायतका उद्योगहरूले मिल सञ्चालनको लागि आवश्यक सम्पूर्ण तयारी पूरा गरेका छन् । इन्दुशङ्कर चिनी उद्योगले यसवर्ष ३५ लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्यसहित मिल सञ्चालनको अन्तिम तयारी भइरहेको केडियाले जानकारी दिए । इन्दुशङ्करले गतवर्ष ३० लाख ४० हजार क्विन्टल उखु क्रसिङ गरेको थियो ।

# जनमतद्वारा पर्सामा उम्मेदवारको नाम सिफारिस

**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीले आगामी प्रतिनिधि सभा निर्वाचनका लागि पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रमा प्रारम्भिक उम्मेदवार टुंगो लगाएको छ । मंसिर २९ गते सम्पन्न क्षेत्रीय बैठकबाट सर्वसम्मत रुपमा उम्मेदवारको नाम सिफारिस गरिएको हो । पार्टीका जिल्ला अध्यक्ष तथा केन्द्रीय सदस्य ओमप्रकाश सराफका अनुसार, चारै क्षेत्रका उम्मेदवारको नाम अन्तिम निर्णयका लागि केन्द्रीय समितिमा पठाइनेछ । सिफारिसअनुसार, पर्सा क्षेत्र नम्बर १ बाट ओमप्रकाश सर्राफ र श्यामप्रसाद गुप्ता, क्षेत्र नम्बर २ बाट पार्टीका राष्ट्रिय अध्यक्ष डा. सिके राउत, पूर्व एसएसपी अनुराग द्विवेदी, अधिवक्ता हरिहरप्रसाद साह र राष्ट्रिय परिषद् सदस्य बृजकिशोर प्रसाद कलवार, क्षेत्र नम्बर ३ बाट मालती कुमारी कुशवाहा र क्षेत्र नम्बर ४ बाट सीमा देवी कलवारको नाम सिफारिस गरिएको छ । पार्टीले आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचन लक्षित गर्दै उम्मेदवारको प्रारम्भिक सिफारिस गरेको जनाएको छ ।

# पत्रकारमाथि दुर्व्यवहारको विरोध

**मधेशदृष्टि**
**वीरगंज ।**
बुधबार समाचार सङ्कलनक्रममा जीराभवानी गाउँपालिका पुगेका पत्रकार शैलेश गुप्तामाथि त्यहाँका केही कर्मचारीले दुर्व्यवहार गरेको विरोधमा प्रेस चौतारी नेपाल पर्साको टोली प्रमुख जिल्ला अधिकारी भोला दाहालकहाँ डेलिगेसन गएको छ । अध्यक्ष निरन्जन मिश्रको अगुवाइमा पुगेका सञ्चारकर्मीको टोलीले दाहाललाई घटनाबारे जानकारी गराउँदै पत्रकार गुप्तामाथि दुर्व्यवहार गर्ने कर्मचारीलाई अविलम्ब कारबाही माग गरे । फेमस नेपाल सन्देश साप्ताहिकका प्रकाशक एवम् प्रेस चौतारी नेपाल पर्साका सदस्य शैलेश साह गुप्तामाथि गत बुधवार जीराभवानी गाउँपालिकाका कर्मचारी जितेन्द्र मिश्र, इन्द्रजीत हजरालगायतले अपशब्द प्रयोग गरी मोबाइल फोन खोसेर फोटो डिलिट गरेका थिए । जीराभवानी गाउँपालिकामा कार्यालय समयमा कर्मचारी अनुपस्थित भएको र फोटो खिच्ने क्रममा पत्रकार गुप्तामाथि कर्मचारी मिश्र र हजरा लगायतले दुर्व्यवहार गरेका थिए । यसैबीच, यसैबीच नेपाल पत्रकार महासंघ, पर्सा शाखाले पनि प्रेस विज्ञप्ति जारी गरी शैलेश साह कानूलाई समाचार संकलनक्रममा जीराभवानीका केही कर्मचारीले दुर्व्यवहार गरेको घटनाप्रति ध्यानाकर्षण भएको जनाएको छ ।

# 'कृषि उत्पादन बढाएर देशमै रोजगारी सिर्जना गरौँ'

**सिरहा ।**
कृषि तथा पशुपन्छी विकासमन्त्री डा मदनप्रसाद परियारले कृषि उत्पादन वृद्धि गर्दै देशमै रोजगारी सिर्जना गर्नु आजको प्रमुख आवश्यकता रहेको बताएका छन् । सिरहा निर्वाचन क्षेत्र नं २ अन्तर्गत औरही चौकमा आयोजित 'किसानसँग कृषिमन्त्री भेटघाट तथा सम्मान कार्यक्रम'मा मन्त्री परियारले युवा रोजगारीको खोजीमा विदेश पलायन भइरहेकाले गाउँघर युवाविहीन बन्दै गएकाप्रति चिन्ता व्यक्त गरे । 'साठी प्रतिशतभन्दा बढी जनसंख्या कृषि क्षेत्रमा निर्भर छ, तर युवा रोजगारीको खोजीमा विदेशिँदा गाउँमा उत्पादन घट्दै गएको छ,' मन्त्री डा परियारले भने, 'अब आफ्नै ठाउँमा कृषि उत्पादन बढाएर यही रोजगारी सिर्जना गर्नु हाम्रो सबैभन्दा ठूलो चुनौती हो । किसानलाई उत्पादनदेखि बजारीकरणसम्म सुरक्षित बनाउने, आधुनिक प्रविधिमा पहुँच बढाउने र कृषि क्षेत्रमा युवालाई आकर्षित गर्ने नीति सरकारले अघि बढाइरहेको छ ।' मन्त्री डा परियारले देशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको महत्वपूर्ण योगदान रहेको भए पनि यो क्षेत्र विभिन्न समस्या र चुनौतीसँग जुधिरहेको उल्लेख गर्दै भने, 'स्वदेशी उत्पादनलाई संरक्षण नगरी आत्मनिर्भर अर्थतन्त्र निर्माण सम्भव हुँदैन । त्यसैले आयात प्रतिस्थापन, उत्पादन लागत घटाउने र किसानले मेहनतको उचित मूल्य पाउने व्यवस्था गर्न सरकार प्रतिबद्ध छ ।' कार्यक्रममा सहभागी स्थानीय अगुवा कृषकले भारतीय कृषि उत्पादनले नेपाली बजार ओगट्दा स्वदेशी किसान मारमा परेको गुनासो गरेका थिए । उनीहरूले नेपाली कृषिउपजको बजारीकरण, मूल्य सुनिश्चितता र किसानमैत्री नीति आवश्यक रहेको भन्दै मन्त्रीसमक्ष माग राखेका थिए । जेन्जी युवाको आयोजनामा सम्पन्न कार्यक्रममा स्थानीय किसान, जनप्रतिनिधि, युवा तथा सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो ।

# मधेशकेन्द्रित दलहरु एकताको गृहकार्यमा, जनमत चैँ मौन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश केन्द्रित दलहरु एकता प्रक्रयालाई तीव्रता दिइरहेका छन् । जनता प्रगतिशील पार्टी नेपाल र तराई मधेश लोकतान्त्रिक पार्टीसँग एकताका लागि सहमति गरेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल (लोसपा)ले जनता समाजवादी पार्टी नेपाल (जसपा)सँग एकताका लागि गृहकार्य समेत अगाडि बढाएको छ । जसपा नेपाल र लोसपा नेपालबीच चुनावअघि एकता हुने गरी छलफल अगाडि बढेको जसपा नेपालका एक नेताले बताए । दुई दलबीच एकताका लागि सैद्धान्तिक सहमति भइसकेको बताउँदै उनले दुई दलका बीचमा थप सम्वाद भइरहेको बताए । संयुक्त लोकतान्त्रिक मोर्चामा रहेका दलहरूको बीचमा एकता हुनुपर्ने सैद्धान्तिक छलफल भएको थियो । तर सबै दलसँग एकता सम्भव नहुने र जुन जुन



दलको बीचमा सहमति बन्छ ती दलहरूले एकता गर्दै जानुपर्ने सहमति भएको थियो । सहमतिअनुसार लोसपा, तमलोपा, जनता प्रगतिशिलबीच एकता हुने सहमति भइसकेको छ भने अब लोसपा र जसपाबीच एकताका लागि गृहकार्य शुरु भएको छ । उता, मोर्चामा रहेका दल राष्ट्रिय मुक्ति पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनता समाजवादी पार्टीबीच एउटै चुनाव चिन्ह लिएर अगामी निर्वाचनमा भाग लिने सहमति भइसकेको छ । अशोक राई नेतृत्व जसपा लोकतान्त्रिक मोर्चामा छैन । तर, डा सिके राउत नेतृत्वको जनमत पार्टी हालसम्म कुनै दलसँग एकता वा कार्यगत एकता गर्ने पक्षमा देखिएको छैन । जनमत पार्टीका नेताहरूले लोकतान्त्रिक मोर्चाकै बैठकमा आफ्नो दल एक्लै चुनावमा भाग लिने भनिसकेका छन् । मोर्चामा रहेका अन्य दलहरूबीच एकता र सहकार्यको विषयमा कुराकानी चले पनि जनमत पार्टी यो विषयमा कसैसँग छलफल चलाएको छैन । जसपा नेपालका महासचिव रामकुमार शर्माले लोकतान्त्रिक मोर्चाको सैद्धान्तिक सहमति नै एक अर्कासँग सहकार्य र एकता गरेर अगाडि बढ्ने रहेको बताए । लोसपा र जसपा नेपालबीच एकताका लागि सकारात्मक रुपमा छलफल अगाडि बढेको बताए । लोसपा नेपालका महासचिव मनिष मिश्रले पनि दुई दलबीच एकता प्रक्रिया सकारात्मकरुपमा अगाडि बढेको बताउँदै केही दिनमै त्यसको परिणाम देखिने बताए ।

# पूर्वराजा महेन्द्रको जन्मजयन्ती मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
देशभक्त राजभक्त समूहले पूर्वराजा महेन्द्रको १ सय ६ औँ जन्मजयन्ती मनाएको छ । महावीर मन्दिर अगाडि आयोजित कार्यक्रममा राजावादी, राष्ट्रवादी विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो । देशभक्त राजभक्त समूहका केन्द्रीय अध्यक्ष दीपेन्द्र प्रसाद रौनियारको अध्यक्षतामा भएको कार्यक्रमलाई सम्बोधन गर्दै वक्ताहरूले राजसंस्था पुनःस्थापनाले मात्रै देशमा शान्ति, स्थायित्व र सुशासन कायम गर्न सक्ने दाबी गरे । कार्यक्रममा महेन्द्र प्रसाद साह, शम्भु चौरसिया, पूर्व लायन्स क्लब गभर्नर तथा नेपाल–भारत मैत्री संघका पूर्व अध्यक्ष राजकुमार सिन्घी, अब्दुल सतार अन्सारी, जनकलाल साह, अनुराणा शाह, वीरेन्द्र थापालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

# मैथिली फिल्म 'कलकतियावाली' प्रदर्शनको तयारीमा

**जनकपुरधाम ।**
मैथिली भाषा र संस्कृतिको उत्थानमा टेलिसिरियल मार्फत सक्रिय रहेको मिथिलाका प्रसिद्ध कलकतीया वाली समूहले पहिलो पटक ठूलो पर्दाको 'कलकतियावाली' फिल्म निर्माण गरेर प्रदर्शनको तयारी गरेको छ । आउन लागेको पुस ४ गते शुक्रबार जनकपुरधामको आशा चलचित्र मन्दिरमा कलकतियावाली फिल्मको प्रदर्शन हुने पत्रकार सम्मेलनमा मार्फत जानकारी दिएको हो । चलचित्र विकास बोर्डबाट सेन्सर गरेर प्रदर्शनमा ल्याउन लागेका कलकतियावालीको भूमिका निर्वाह गरेका प्रमुख कलाकार अविनाश झाले सामाजिक चेतना फैलाउनमा फिल्म सहयोगी हुने विश्वास व्यक्त गरे । सामाजिक विकृति एवम् विसङ्गतिप्रति गहिरो प्रहार गरेर समाजमा सकारात्मक सोच मार्फत परिवर्त्य हुने विषयमा गहिरो सन्देश 'कलकतियावाली' फिल्म दिने वरिष्ठ कलाकार रामनारायण ठाकुरले बताए । एक सातासम्म चल्ने कलकतियावालीलाई दर्शकले मन पराए प्रदर्शनको अवधि थप गरिने भएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन